भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

## हार्दिक श्रद्धाञ्जली तथा समवेदना

वि.सं. २०७९ सालको स्थानीय तह निर्वाचनमा भूमे गाउँपालिका गाउँ कार्यपालिकाको सदस्य पदमा निर्वाचित कार्यपालिका सदस्य **श्री जीत बहादुर कामी**को मिति २०८३ साल असोज ७ गते भएको असामयिक एवं दुःखद् निधनको खबरले भूमे गाउँपालिका परिवारलाई अत्यन्त मर्माहत र स्तब्ध बनाएको छ।

जनताको विश्वास र मतबाट निर्वाचित भई गाउँपालिकाको समृद्धि, विकास, सुशासन तथा प्रभावकारी सेवा प्रवाहका लागि उहाँले निर्वाह गर्नुभएको जिम्मेवारी, सक्रिय भूमिका र पुऱ्याउनुभएको योगदान सधैँ स्मरणीय रहनेछ। स्थानीय जनताको हित र गाउँपालिकाको विकासका सवालमा उहाँले देखाउनुभएको लगनशीलता, सहकार्य र जिम्मेवारीबोध हामी सबैका लागि प्रेरणाको विषय बनेर रहनेछ।

एक जनप्रतिनिधिका रूपमा गाउँपालिकाको नीति, योजना तथा विकास निर्माणका कार्यमा उहाँले पुऱ्याउनुभएको योगदानको भूमे गाउँपालिकाले उच्च सम्मान र कदर गर्दछ। उहाँकोअसामयिक निधनबाट गाउँपालिकाले एक असल जनप्रतिनिधि मात्र नभई नागरिकले सुख–दुःखमा साथ दिने एक जिम्मेवार नेता गुमाएको अनुभूति भएको छ भने परिवारजन तथा समग्र भूमे गाउँपालिका र स्थानीय समुदायमा अपूरणीय क्षति पुगेको छ।

जीवन र मृत्युको कठोर नियम भोग्न हामी विवश छौं। प्रियजन गुमाउँदाको पीडा शब्दमा व्यक्त गर्न सम्भव छैन। यस असहनीय पीडालाई धैर्य र साहसका साथ सामना गर्ने शक्ति परिवारजनमा प्राप्त होस् भन्ने कामना गर्दछु। यस दुःखद घडीमा स्वर्गीय श्री जीत बहादुर कामीको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। शोकसन्तप्त परिवारजन, आफन्त, इष्टमित्र तथा शुभेच्छुकहरूमा **गहिरो समवेदना** छ ।

.....................................
**(होम प्रकाश श्रेष्ठ)**
**अध्यक्ष**
होम प्रकाश श्रेष्ठ